# कावासोती नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

शिवमन्दिर, गण्डकी प्रदेश, नेपाल

## आन्तरिक आय तर्फको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७५।०७।१२ गते

पुन प्रकाशित मिति: २०७५/०८/०७ गते

स्थानीय सरकार सन्चालन ऐन (२०७४), राष्ट्रपति चुरे तराइ मधेस संरक्षण तथा विकास समिति, खुमलटारको मिति २०७५।०७।०८ च.नं. १६२ को सहमतिपत्र तथा कावासोती नगरपालिका, नगर कार्यपालिकाकोको मिति २०७५।०७।०९ र २०७५।०८।०२ को निर्णयानुसार देहायका शिर्षकहरुमा राजस्व असुली सम्बन्धी काम न्यूनतम कवोल अकंमा बढाबढका आधारमा आ.व. २०७५/७६ को बाँकि अवधिकालागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पुरा गरेका कम्तिमा घ वर्गका इच्छुक फर्महरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

**ठेक्का विवरण:**

| आय ठेक्का नं. | ठेक्काको विवरण | संकलन उत्खनन गर्नुपर्ने अधिकतम परिमाण घन फिट | विक्रि दर रु. (कर बाहेक) | न्यूनतम कवोल अंक | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| ६।०७५।७६ | **लोकाहा खोला**<br>अक्षांश: २७°४०'४२.४३" उत्तरी देशान्तर: ८४°९'४३.३६" पूर्वी<br>अक्षांश: २७°३९'५९.४१" उत्तरीदेशान्तर: ८४°१०'८.५४" पूर्वी | ५,१०,२९७/- | ४/- | २०,४१,१८८/- | ३०००/- |
| ७।०७५।७६ | **पत्थर खोला**<br>अक्षांश: २७°३९'९.२०" उत्तरीदेशान्तर: ८४°४'५६.३०" पूर्वी<br>अक्षांश: २७°३७'३८.१६" उत्तरीदेशान्तर: ८४°५'०.७७" पूर्वी | १९,८६,२७३/- | ४/- | ७९,४५,०९२/- | ३०००/- |

**ठेक्का सम्बन्धी शर्तहरु:-**

१. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको १० औं दिन सम्म सार्वजनिक खरिद अनुगमन कार्यालय को वेभसाइट www.bolpatra.gov.np/egp मार्फत प्राप्त गरि e - bidding को सम्पूर्ण प्रक्रिया पुरा गरि ११ औं दिनको १२:०० बजे भित्र सोहि वेभसाइट मार्फत दाखिला गर्नुपर्नेछ । ११ औं दिनसम्म प्राप्त बोलपत्रहरू सोहि दिन २:०० बजे बोलपत्र दाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिने छ, बोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि कार्यालय प्रतिनिधीको रोहवरमा टेण्डर खोल्न बाधा पर्ने छैन ।

२. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसायिक प्रमाणपत्र (कम्तिमा घ वर्ग), स्थायी लेखा नम्बर पान, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्र प्रतिलिपी, बोलपत्र वापतको दस्तुर तिरेको प्रमाण, ५ प्रतिशत धरौटी दाखिला भएको प्रमाण, फर्मको प्रोप्राइटर वा आधिकारीक प्रतिनिधीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी, कालो सूचीमा नपरेको स्वयंघोषणा अनिवार्य रुपमा संलग्न राखी पेश गर्नुपर्ने छ ।

३. ठेक्का अवधि २०७६ साल जेठ मसान्त सम्म रहने छ । ठेक्का अवधिमा बन्द हडताल आदिका कारण केही दिन काम सुचारू नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दावी गर्न पाईने छैन । IEE प्रतिवेदनले निषेध गरेको अवधिमा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइने छैन

४. माथि उल्लिखित सबै ठेक्काहरू कबोल अङ्कको थप मूल्य अभिवृद्धि कर (१३ प्रतिशत) र अग्रिम आयकर (१.५ प्रतिशत) राजस्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्ने छ ।

५. धरौटी बापतको बोल गरेको अंङ्कको ५ प्रतिशत रकम यस कार्यालयको कावासोति स्थितरा.वा. बैंकमा रहेको बैंक खाता नं. ३२००३०३००७१०२ मा नगद दाखिला गरेको सक्कल भौचर बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ । सो e-bidding System मा धरौटी बापतको रकम न्युनतम रकम उल्लेख भएकोले धरौटी बापतको रकम यसै सुचना बमोजिम हुनेछ ।
धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइने छैन र उक्त धरौटी नियमानुसार कागजात पेश गरिसके पछि प्रचलित ऐन बमोजिम फिर्ता गरिने छ ।

६. बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकमयस कार्यालयको कावासोति स्थित रा.वा. बैंकमा रहेको बैंक खाता नं. ३२००३०४०१८१०२ मा वा यस कार्यालयको राजशव शाखामा दाखिला गरेको भौचर संलग्न गर्नुपर्ने छ ।

७. कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

८. बोलपत्र दाखिला गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रित नपुगी आएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।

९. ठेक्कामा कुनै विवाद भएमा कावासोति नगरपालिकाको निर्णय अन्तिम हुनेछ।

१०. बोलपत्रमा कबोल रकम अंङ्क र अक्षर दुवैमा खुलाउनु पर्नेछ । अंङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

११. नदिजन्य पदार्थ निकासि गर्ने बाटो मर्मत ठेकेदार स्वयंले गर्नुपर्नेछ र खर्च दावि गर्न पाइने छैन । पुलको दाँया-बाँया ५०० मिटर सम्म र खोलाको दायाँबायाँ रहेको कुलो, नहर, तटबन्धको ५० मिटर भित्र उत्खनन गर्न पाइने छैन ।

१२. सूचनामा उल्लेखित खण्डहरूको GPS Points निर्धारण भएकोमा सोभित्रको उपखण्ड कायम हुदा वा कानुन बमोजिम निषेधित क्षेत्र परि GPS Points फरक हुने विषयको जानकारी र सो सम्वन्धि कागजातहरु कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

१३. बोलपत्र साथ रहने जानकारी तथा शर्तहरू यसै सूचनाको शर्तसरह मान्य हुने छन् ।

१४. अन्य कुराहरू नेपाल सरकारको प्रचलित ऐन कानून र नगरपालिकाको निर्णय बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**

**कावासोती नगर कार्यपालिकाको कार्यालय**